सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३३० ♦ २०८३ साल भदौ ४ विहिवार ♦ 20 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## जलेश्वर -६ का ७५ वर्षिय दासको शव डुबेको अवस्थामा फेला

**खबर दर्पण समाचारदाता**

**भदौ ३ गते, बर्दिवास**

महोत्तरीको जलेश्वर नगर पालिकाको धवौलीमा मङलवार साँझदेखि हराइरहेका एक वृद्धको वुधबार बिहान डुबेको अवस्थामा शव फेला परेको छ ।

जलेश्वर नगरपालिका -६ छोटका धवौलीवस्ने करिब ७५ वर्षिय जागेश्वर दासको शव डुबेको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक पञ्चलाल गोलेले जानकारी दिनुभयो ।

उहाँले मङलबार साँझ घुम्न निस्केका दास घर नआएपछि मङलबार रातिदेखि नै उहाँको खोजतलाश सुरु गरिएको जानकारी दिनुभयो ।

वुधबार बिहान जलेश्वर नगर पालिकाको वडा नं. ३ र ६ को सिमामा रहेको रातो नदीको पुलको खाल्डोमा उहाँको शव फेला परेको सूचना आएको बताउनुभयो । सूचनापश्चात् घटनास्थल पुगेका प्रहरीले मुचुल्का उठाएर शवलाई पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल जलेश्वरमा पठाएको जानकारी दिनुहुदै जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता गोलेले भन्नुभयो, 'घटना शंकास्पद नदेखिएको र उहाँको डुबेर नै मृत्यु भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ। थप कुरा पोष्टमार्टम पश्चात जानकारी हुनेछ ।'

जिल्ला प्रहरी कार्यालय महोत्तरीले तीन वर्षमा जिल्लामा १७ जनाको डुबेर मृत्यु भएको जनाएको छ । आर्थिक वर्ष २०८१-८२ मा सात जना, २०८२-८३ मा छ जना र चालु आर्थिक वर्षमा चार जनाको डुबेर मृत्यु भएको मुद्दा दर्ता रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता गोलेले जानकारी दिनुभयो ।

## फजुल खर्च रोक्न मधेसमा नयाँ खर्च मापदण्ड




**खबर दर्पण समाचारदाता**

**भदौ ३ गते, बर्दिवास**

मधेस प्रदेश सरकारले वित्तीय अनुशासन, पारदर्शिता र मितव्ययिता कायम गर्दै सरकारी खर्चमा हुने अनियमितता तथा फजुल खर्च नियन्त्रण गर्न 'मधेस प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३' जारी गरेको छ ।

प्रदेश सरकारले सरकारी स्रोतको दुरुपयोग रोक्ने उद्देश्यले ल्याएको निर्देशिकाले पदाधिकारी तथा कर्मचारीले प्रयोग गर्ने जिन्सी सामानदेखि सवारी साधन, भ्रमण भत्ता, बैठक भत्ता र कार्यक्रम सञ्चालनमा हुने खर्चलाई व्यवस्थित र सीमित गरेको छ ।

निर्देशिकाले विगतमा मन्त्री तथा विशिष्ट पदाधिकारीले कार्यकाल सकिएपछि आफूले प्रयोग गरेका सरकारी सामान आफैं लैजाने गरेको अभ्यासलाई अन्त्य गरेको छ। अब सरकारी जिन्सी सामान प्रयोग गर्ने पदाधिकारी तथा कर्मचारीले अनिवार्य रूपमा बुझेको भर्पाई गर्नुपर्ने र पदावधि सकिएपछि वा सरुवा भएलगत्तै सम्बन्धित स्टोरमा सामान बर बुझारथ गर्नुपर्ने व्यवस्था गरिएको छ ।

सरकारी सवारी साधनको प्रयोग र मर्मतसम्भारमा हुने अनावश्यक खर्च नियन्त्रण गर्न पनि कडाइ गरिएको छ । सवारी सुविधा पाउने पदाधिकारीलाई प्रचलित कानुनले तोकेको अवस्थाबाहेक एकभन्दा बढी सवारी साधन उपलब्ध गराउन नपाइने व्यवस्था गरिएको छ ।

मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले सरकारी बजेटको अनुचित दोहन रोक्न निर्देशिकामार्फत खर्च प्रणालीलाई व्यवस्थित गरिएको बताउनुभयो । उहाँका अनुसार सरकारी स्रोतको मितव्ययी प्रयोगलाई प्राथमिकता दिँदै विगतका कतिपय अव्यवहारिक अभ्यास अन्त्य गरिएको छ ।

दैनिक तथा भ्रमण भत्तामा समेत सीमा निर्धारण गरिएको छ । अब प्रदेशभित्र एक पटकमा बढीमा चार दिन र महिनाभरिमा जतिसुकै पटक भ्रमण गरे पनि अधिकतम १२ दिनको मात्र भ्रमण भत्ता उपलब्ध गराइने व्यवस्था गरिएको मन्त्री भट्टराईले जानकारी दिनुभयो । प्रदेशबाहिरको भ्रमणमा भने बढीमा पाँच दिनसम्मको दैनिक तथा भ्रमण भत्ता पाइनेछ ।

मन्त्रीका स्वकीय सचिवालयमा कार्यरत कर्मचारीले मन्त्रीसँगै भ्रमण गरेको अवधिको मात्र भ्रमण भत्ता पाउने व्यवस्था गरिएको छ । स्वदेश भ्रमणमा मुख्यमन्त्री र सभामुखको सचिवालयबाट बढीमा दुई कर्मचारी र दुई सुरक्षाकर्मी तथा अन्य पदाधिकारीका हकमा एक कर्मचारी र एक सुरक्षाकर्मीको मात्र दैनिक तथा भ्रमण खर्च भुक्तानी गरिने निर्देशिकामा उल्लेख छ ।

सरकारी निकायका पदाधिकारीलाई निर्माण व्यवसायी वा परामर्शदाताको खर्चमा स्वदेश वा विदेश भ्रमण गर्नसमेत रोक लगाइएको छ । बैठक भत्तामा पनि कडाइ गरिएको छ । कानुनबमोजिम गठन भएका समिति वा कार्यदलको बैठकमा मात्र भत्ता उपलब्ध गराइनेछ । त्यस्ता समिति वा कार्यदलमा बढीमा सात सदस्य रहने र आवश्यकताअनुसार बढीमा तीन जना विशेषज्ञलाई

बाँकी पृष्ठ ३ मा

## ३ वर्षीय बालिकाको हत्या सम्बन्धमा २ जना पक्राउ, घटनाको विरोधमा स्थानीयको प्रदर्शन

**खबर दर्पण समाचारदाता**

**भदौ ३ गते, बर्दिवास**

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१, दसधुरेकी तीन वर्षीय बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनामा प्रहरीले २ जनालाई पक्राउ गरेको छ।

जीतपुरसिमरा-२ घर भएका १६ वर्षीय सुमन थापा र प्रोगेस चौधरीलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय सिमरका प्रमुख दिलिप क्षेत्रीले जानकारी दिए । जिल्ला प्रहरी कार्यालय कलैयामा पत्रकार सम्मेलन गरेर घटनाबारे सार्वजनिक गरिने उनको भनाइ छ ।

इलाका प्रहरी कार्यालय सिमरका अनुसार घटनामा संलग्न थापा र चौधरी म्याजिक चलाउने सवारी चालक तथा सहचालक हुन् । प्रहरीका अनुसार थापाले बालिकालाई चकलेटको प्रलोभन देखाएर सुनसान रहेको घरमा लगेको र बलात्कारपछि हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । उनीहरूमाथि ४ दिनको अदालतबाट म्याद लिएर प्रहरी हिरासतमा राखिएको छ ।

गत आइतबार हराएकी बालिकालाई उनीहरूले बलात्कार गरी पहिचान खुल्न सक्ने डरले हत्या गरेको जिल्ला प्रहरीका एक अधिकारीले बताए । उनका अनुसार ३ दिनदेखि हराइरहेकी जितपुर सिमरा-१ भक्तिनगर टोलकी हत्या गरिएकी बालिकाको खोजतलासमा परिवार र प्रहरीलाई सहयोग गरिरहेको थियो । तर विशेष सुराकी र तहकिकातले उनीहरू फन्दामा परेको ती प्रहरी अधिकारीले बताए ।

बालिकाको शव कलैया अस्पतालबाट २० घण्टा बिते पनि उठाइएको छैन । स्थानीय सरस्वती प्राविको बालविकास



कक्षामा पढ्दै गरेकी बालिकाको बलात्कारपछि हत्या गरिएपछि दोषीलाई कडा कारबाही, पीडिलाई राहत र घटनामा संलग्न सबैलाई पक्राउ गर्न भन्दै पीडित परिवारसँगै स्थानीयले सिमरामा बुधबार दिउँसोदेखि राजमार्ग अवरोध गर्दै टाएर बालेर प्रदर्शन गरिरहेका छन्।

# धनुषामा साउन महिनामा १३४ वटा अपराधसम्बन्धी घटना दर्ता




**खबर दर्पण समाचारदाता**
**भदौ ३ गते, जनकपुरधाम**

जिल्ला प्रहरी कार्यालय धनुषाले चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो महिना साउनमा अपराध अनुसन्धान तथा नियन्त्रण, शान्ति सुरक्षा, ट्राफिक व्यवस्थापन, लागूऔषध नियन्त्रण र नागरिक सहायता लगायतका क्षेत्रमा सक्रियता बढाएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार साउन महिनामा विभिन्न शीर्षकमा १३४ वटा अपराधसम्बन्धी घटना दर्ता भएका छन्। तीमध्ये ज्यानसम्बन्धी १, चोरीसम्बन्धी ८, आत्महत्यासम्बन्धी ६, संगठित तथा आर्थिक अपराध ३१, सामाजिक अपराध ३२, महिला तथा बालबालिकासम्बन्धी अपराध १० र सवारी ज्यानसम्बन्धी ३९ वटा घटना रहेका छन्।

प्रहरी प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक मधुसुधन न्यौपानेले अपराध नियन्त्रणका लागि दैनिक गस्ती, नियमित चेकजाँच, सीमा क्षेत्रमा भारतीय समकक्षी निकायसँग समन्वय तथा अपराधको स्वरूप विश्लेषण गरी लक्षित सुरक्षा योजना कार्यान्वयन गरिएको जानकारी दिए।

उनका अनुसार साउनमा चालु मुद्दाका ८७ जना प्रतिवादी पक्राउ परेका छन्। धनुषामा चालु मुद्दातर्फ १ हजार २७९ जना प्रतिवादी पेन्डिङमा र हेकामा १४० वटा मुद्दा फछ्र्यौट भएको प्रहरी विवरणमा उल्लेख छ।

फैसला कार्यान्वयनतर्फ पनि प्रहरीले उल्लेख्य संख्यामा फरार व्यक्ति पक्राउ गरेको छ। साउनमा १९० जना पक्राउ गरी अदालतबाट तोकिएको ८८ वर्ष २१ दिन कैद तथा २४ लाख ३० हजार १७८ रुपैयाँ जरिवाना कार्यान्वयनका लागि सहयोग गरिएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित उजुरीको संख्या साउनमा १०५ रहेको छ। तीमध्ये घरेलु हिंसासम्बन्धी उजुरी उपमहानगरपालिकाबाट ४४, नगरपालिकाबाट ४३ र गाउँपालिकाबाट १८ वटा आएका थिए। प्रहरीले ९५ वटा उजुरीमा मिलापत्र गराएको जनाएको छ।

त्यस्तै, प्रहरी कार्यालयमा प्रत्यक्ष रूपमा ७६८ वटा ठाडो उजुरी परेकोमा ४७५ वटा फछ्र्यौट भएका छन्। जिल्ला प्रशासन कार्यालयमार्फत आएका ३३ उजुरीमध्ये १७ वटा फछ्र्यौट भएका छन्। दुवै जोड्दा ८०१ उजुरीमध्ये ४९२ वटा फछ्र्यौट भएको प्रहरीको तथ्यांक छ।

**लागूऔषध नियन्त्रणमा पनि सक्रियता**

धनुषा प्रहरीले साउनमा लागूऔषध नियन्त्रणलाई प्राथमिकतामा राखेको जनाएको छ।

प्रहरीका अनुसार साउन महिनामा १९ किलो ३९८ ग्राम गाँजा र १३५ दशमलव ४४६ ग्राम ब्राउन सुगर (खैरो हेरोइन) बरामद गरिएको छ। साथै विभिन्न औषधिजन्य लागूऔषधसमेत बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रवक्ता न्यौपानेले लागूऔषधको कारोबार तथा ओसारपसार नियन्त्रणका लागि नियमित निगरानीसँगै सीमा क्षेत्रमा विशेष चेकजाँच र सूचनाको आधारमा कारबाहीलाई तीव्रता दिइएको बताए।

**सवारी दुर्घटनामा ५ जनाको मृत्यु**

साउनमा धनुषामा ८७ वटा सवारी दुर्घटना भएका छन्। दुर्घटनामा ५ जनाको मृत्यु र १४५ जना घाइते भएका छन्। दुर्घटनामा १३१ वटा सवारीसाधन संलग्न रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार दुर्घटनाको प्रमुख कारणमध्ये चालकको कारणबाट २३, यात्रु तथा सवारको कारणबाट ४४, पैदलयात्रीको कारणबाट १ र सडकको अवस्थाका कारण १८ वटा दुर्घटना भएका छन्।

यसै अवधिमा ट्राफिक नियम उल्लंघन गर्ने ६११ वटा सवारीसाधनलाई कारबाही गरी ६ लाख ८७ हजार रुपैयाँ जरिवाना संकलन गरिएको छ।

**भन्सार छली र प्राकृतिक स्रोत दोहन नियन्त्रण**

साउनमा अवैध भन्सार छली नियन्त्रणअन्तर्गत करिब ४१ लाख ६६ हजार १४० रुपैयाँ बराबरका सामान बरामद गरिएको छ। सो क्रममा दुई जना पक्राउ परेका छन्। अवैध हातहतियारतर्फ भने कुनै हतियार बरामद नभएको प्रहरीको तथ्यांक छ।

प्राकृतिक सम्पदा दोहन नियन्त्रणतर्फ २६ वटा ट्र्याक्टर नियन्त्रणमा लिई १ लाख ३० हजार रुपैयाँ जरिवाना गरिएको छ। त्यस्तै, अवैध मदिरा नियन्त्रणअन्तर्गत ४१५ लिटर मदिरा बरामद गरी दुई जनालाई पक्राउ गरिएको छ।

**विपदमा १६१ प्रहरी परिचालन**

साउनमा धनुषामा आगलागी, करेन्ट लाग्ने, पानीमा डुब्ने तथा अन्य विपद्का गरी २३ वटा घटना भएका छन्।

विपद्का घटनामा ९ जनाको मृत्यु र ११ जना घाइते भएको प्रहरीको विवरणमा उल्लेख छ। प्रहरीले ११ जनाको उद्धार गरेको जनाएको छ।

विपद् व्यवस्थापनमा मात्रै १६१ जना प्रहरी परिचालन गरिएको थियो। आगलागीबाट करिब २ लाख २० हजार रुपैयाँ बराबर को क्षति भएको प्रहरीको अनुमान छ।

**२८ हजारभन्दा बढी प्रहरी परिचालन**

शान्ति सुरक्षा कायम गर्न साउन महिनामा धनुषा प्रहरीले मोबाइल, पैदल तथा ग्रामीण गस्ती, चेकिङ र पिकेटिङ लगायतका गतिविधिमा ठूलो संख्यामा जनशक्ति परिचालन गरेको छ।

विभिन्न नियमित सुरक्षा ड्युटीमा गरी २८ हजार २१९ पटक जनशक्ति परिचालन गरिएको प्रहरीको तथ्यांक छ।

बन्द, हड्ताल, चक्काजाम, आन्दोलन, मेला, पर्व तथा जात्रालगायत विशेष परिस्थितिमा समेत १ हजार ४८५ जना प्रहरी परिचालन गरिएको जनाइएको छ।

**नागरिक सहायता र जनचेतनामा जोड**

प्रहरीले साउनमा लागूऔषध, आत्महत्या, साइबर अपराध, ट्राफिक सचेतना, बालविवाह, महिला हिंसा लगायतका विषयमा समुदाय तथा विद्यालय केन्द्रित कार्यक्रम सञ्चालन गरेको छ।

समुदाय केन्द्रित ६३ वटा कार्यक्रमबाट १ हजार ५९४ जना लाभान्वित भएको प्रहरीले जनाएको छ।

विद्यालय केन्द्रित कार्यक्रमअन्तर्गत विभिन्न विद्यालयमा सञ्चालन गरिएका सचेतनामूलक कार्यक्रममा ४७२ जना विद्यार्थी सहभागी भएका छन्।

प्रहरी कार्यालयको हटलाइन तथा डिआईजी कार्यालयको सम्पर्क नम्बरमा साउनमा ६ हजार ५२५ वटा कल आएको र नागरिक सहायता कक्षमा ८ हजार ८७९ सेवाग्राहीले सेवा लिएको प्रहरीको तथ्यांक छ।

प्रवक्ता न्यौपानेका अनुसार अपराध अनुसन्धानसँगै नागरिकसँग प्रहरीको सम्बन्ध थप सुदृढ गर्ने, पीडितको अवस्था बुझ्ने र समुदायमा आधारित प्रहरी कार्यक्रमलाई निरन्तरता दिने नीति लिइएको छ।

उनले भने, 'अपराध हुन नदिन पूर्वसूचना, नियमित गस्ती र समुदायसँगको सहकार्यलाई प्राथमिकता दिएका छौं। अपराध भइसकेपछि अनुसन्धान र दोषीलाई कानुनी दायरामा ल्याउने कामसँगै पीडितमैत्री प्रहरी सेवा विस्तारमा पनि जोड दिएका छौं।'

अनुचित लेनदेनसम्बन्धी तीन वटा निवेदनमा मिलापत्र गराइएको र १३ लाख ८५ हजार रुपैयाँ बराबरको रकम तथा घर जग्गा फिर्ता गराउन सफल भएको प्रहरीको विवरणमा उल्लेख छ।

प्रहरीले आगामी दिनमा सीमा अपराध, लागूऔषध, चोरी, सवारी दुर्घटना, महिला तथा बालबालिकामाथि हुने हिंसा र साइबर अपराध नियन्त्रणलाई प्राथमिकतामा राख्दै नियमित निगरानी तथा समुदायसँगको सहकार्यलाई थप प्रभावकारी बनाउने जनाएको छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# फजुल खर्च रोक्न मधेसमा.............

आमन्त्रित सदस्यका रूपमा सहभागी गराउन सकिने व्यवस्था गरिएको छ ।

एक व्यक्तिले एक दिनमा बिहान र बेलुका गरी बढीमा दुई वटा बैठकको मात्र भत्ता पाउनेछ । सार्वजनिक बिदाका दिन बढीमा तीन वटा बैठकको भत्ता लिन सकिनेछ । एउटै निकायका पदाधिकारी वा कर्मचारी मात्र सहभागी हुने नियमित बैठकमा भने बैठक भत्ता उपलब्ध नगराइने व्यवस्था गरिएको छ ।

निर्देशिकाले उच्च पदाधिकारीका लागि सवारी साधन खरिदको अधिकतम मूल्यसमेत तोकेको छ । मुख्यमन्त्री र सभामुखका लागि बढीमा एक करोड ५० लाख रुपियाँसम्म, मन्त्री, राज्यमन्त्री, सहायकमन्त्री र उपसभामुखका लागि एक करोड २० लाख रुपियाँसम्मको सवारी साधन खरिद गर्न सकिने व्यवस्था गरिएको छ ।

त्यसैगरी प्रमुख सचिव, आयोगका पदाधिकारी तथा मुख्य न्यायाधिवक्ताका लागि बढीमा ८० लाख रुपियाँ र प्रदेश सचिव वा सोसरहका पदाधिकारीका लागि ६० लाख रुपियाँसम्मको सवारी साधन खरिद गर्न सकिनेछ ।

संघीय सरकारका अति विशिष्ट पदाधिकारी मधेस प्रदेश भ्रमणमा आउँदा प्रयोग गर्ने प्रयोजनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा तोकिएको निकायले बढीमा चार करोड रुपियाँसम्मको एक थान सवारी साधन खरिद गर्न सक्ने व्यवस्था गरिएको छ ।

अत्यावश्यक अवस्थाबाहेक अर्थ मन्त्रालयको सहमतिबिना चार पाङ्गे तथा दुईपाङ्गे सवारी साधन खरिद गर्न रोक लगाइएको छ । सञ्चालनमा रहेका सवारी साधनलाई नियमित मर्मतसम्भार गरी मितव्ययी रूपमा प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ ।

तोकिएको दरबन्दीभन्दा बढी रहेका सवारी साधनको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सङ्कलन गर्ने र आवश्यकता तथा औचित्यका आधारमा त्यस्ता सवारी साधन अन्य सरकारी निकायलाई हस्तान्तरण गर्ने नीति लिइएको मन्त्री भट्टराईले बताउनुभयो । सवारी साधन नपाउने कर्मचारीलाई विगतमा जथाभावी सवारी उपलब्ध गराइएको व्यवस्था पनि अन्त्य गरिएको उहाँले जानकारी दिनुभयो ।

आयोजना तथा कार्यक्रमको खर्चमा पनि स्वीकृत लागत अनुमान र तोकिएको मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्ने व्यवस्था गरिएको छ । सामान्य कार्यक्रम, गोष्ठी तथा नियमित बैठक होटलमा सञ्चालन गरी अनावश्यक खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै त्यस्ता कार्यक्रम सरकारी कार्यालयकै सभा हल वा कार्यकक्षमा सञ्चालन गर्नुपर्ने निर्देशिकामा उल्लेख छ ।

आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिन जथाभावी पेस्की दिने प्रवृत्ति रोक्न कार्यालय प्रमुख तथा आर्थिक प्रशासन प्रमुखलाई सामान खरिदका लागि पेस्की नदिने व्यवस्था गरिएको छ । तोकिएको समयमा पेस्की फछ्र्यौट नगरे जरिबानासहित असुलउपर गर्ने प्रबन्धसमेत निर्देशिकामा गरिएको छ ।

प्रदेश सरकारले नयाँ निर्देशिकामार्फत सार्वजनिक स्रोतको उपयोगमा जवाफदेहिता बढाउँदै अनावश्यक खर्च कटौती र वित्तीय अनुशासन कायम गर्ने लक्ष्य लिएको जनाएको छ ।

# दुई बिरामीको उपचारमा ११ लाख रुपैयाँभन्दा बढीको सहुलियत प्रदान

**खबर दर्पण समाचारदाता**

**भदौ ३ गते, बर्दिवास**



जनकपुर न्युरो अस्पतालले आर्थिक अवस्था कमजोर भएका दुई बिरामीको उपचारमा ११ लाख रुपैयाँभन्दा बढीको सहुलियत प्रदान गरेको छ ।

महोत्तरीको औरही नगरपालिका र सम्सी गाउँपालिकाबाट उपचारका लागि आएका दुई बिरामीलाई अस्पतालले उपचार खर्चमा ठूलो रकम छुट दिएको हो ।

अस्पताल प्रशासनका अनुसार सडक दुर्घटनामा गम्भीर घाइते भएका औरही नगरपालिका-५ श्रीपुरका २८ वर्षीय राजकुमार मुखियालाई पाँच लाख रुपैयाँभन्दा बढीको उपचार सहुलियत दिइएको छ ।

त्यस्तै, सम्सी गाउँपालिका-३ बैरगियाकी ५५ वर्षीया अमिना खातुनलाई पाँच लाख ७१ हजार रुपैयाँको सहुलियत प्रदान गरिएको छ ।

न्युरो अस्पतालका प्रशासन प्रमुख मनोज राउतका अनुसार बिरामी तथा उनीहरूका परिवारको आर्थिक अवस्था कमजोर रहेको जानकारी पाएपछि अस्पताल व्यवस्थापनले उपचार खर्चमा सहुलियत दिने निर्णय गरेको हो ।

सडक दुर्घटनामा गम्भीर घाइते भएका मुखियाले प्राथमिक उपचार तथा प्रादेशिक अस्पताल जनकपुरमा उपचार गराएपछि थप उपचारका लागि न्युरो अस्पताल पुगेका थिए ।

उपचार खर्च धान्न परिवारलाई कठिनाइ भएपछि अस्पतालले पाँच लाख रुपैयाँभन्दा बढी र कम छुट गरेको मुखियाकी भाउजु विणा मुखियाले बताइन् ।

त्यस्तै, आफ्नै घरको चापाकलमा लडेर टाउकोमा गम्भीर चोट लागेपछि खातुनलाई उपचारका लागि न्युरो अस्पताल ल्याइएको थियो ।

परिवारको आर्थिक अवस्था कमजोर रहेको जानकारी गराएपछि अस्पतालले पाँच लाख ७१ हजार रुपैयाँ बराबरको उपचार खर्चमा सहुलियत दिएको उनका छोरा इसराफुल शेषले बताए ।

अस्पताल प्रशासनले आर्थिक अभावका कारण उपचारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले विपन्न बिरामीलाई उपचारमा सक्दो सहुलियत प्रदान गर्दै आएको जनाएको छ ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- ❖ सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- ❖ विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- ❖ आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- ❖ सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- ❖ चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- ❖ अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- ❖ संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- ❖ समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- ❖ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- ❖ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- ❖ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- ❖ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- ❖ घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- ❖ रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- ❖ घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- ❖ झुल लगाएर खाटमा सुत्ने गरौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**



# तीन वर्षीया बालिकाको मृत्युले उठायो बाल सुरक्षा र महिला हिंसाविरुद्ध राज्यको जवाफदेहितामाथि प्रश्न

**खबर दर्पण समाचारदाता**
**भदौ ३ गते, बर्दिबास**

बाराको जितपुरसिमरा उपमहानगरपालिका-१, दसधुरा भक्तिटोलकी तीन वर्षीया बालिका गरिमा चौधरीको मृत्युको घटनालाई लिएर महिला तथा बालअधिकार को क्षेत्रमा कार्यरत संस्था महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले गम्भीर चिन्ता व्यक्त गरेको छ ।

आइतबारदेखि हराइरहेकी बालिका चौधरीको शव मंगलबार साँझ घरनजिकै लामो समयदेखि खाली रहेको घरमा फेला परेको घटनाले बालबालिकाको सुरक्षा तथा संरक्षणका लागि राज्यले अपनाएका संयन्त्रको प्रभावकारितामाथि प्रश्न उठाएको ओरेकले जनाएको छ ।

ओरेकले बालिकामाथि भएको घटनाको तत्काल, निष्पक्ष, स्वतन्त्र र वैज्ञानिक अनुसन्धान गर्न माग गरेको छ। घटनास्थल तथा उपलब्ध प्रमाण सुरक्षित राख्दै वैज्ञानिक परीक्षण र प्रमाणमा आधारित अनुसन्धान सुनिश्चित गर्नुपर्ने संस्थाको भनाइ छ ।

## बाल संरक्षण प्रणालीमाथि गम्भीर प्रश्न

ओरेकका अनुसार तीन वर्षीया बालिकामाथि भएको यस्तो जघन्य घटनालाई केवल व्यक्तिगत आपराधिक प्रवृत्तिका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन। बालबालिकाको जोखिम पहिचान, हराएका बालबालिकाको तत्काल खोजी, सुरक्षा संयन्त्रको पहुँच तथा हिंसापछि शीघ्र न्यायिक प्रतिकार्यका लागि राज्यले बनाएका संरचना कति प्रभावकारी छन् भन्नेबारे समीक्षा आवश्यक देखिएको संस्थाले जनाएको छ।

संस्थाले बालबालिकालाई हिंसा, शोषण र दुर्व्यवहारबाट सुरक्षित राख्ने जिम्मेवारी राज्य तथा समाज दुवैको भएको उल्लेख गर्दै यस्ता घटना दोहोरिनुले बाल संरक्षण प्रणालीमा रहेका कमजोरीलाई उजागर गरेको जनाएको छ।

ओरेकले घटनामा संलग्न दोषीको पहिचान गरी प्रचलित कानूनअनुसार कडा कारबाही गर्न माग गरेको छ। अनुसन्धानलाई कुनै पनि राजनीतिक, सामाजिक वा अन्य दबाबबाट मुक्त राखी पीडित परिवारले न्याय पाउने वातावरण बनाउनुपर्नेमा समेत संस्थाले जोड दिएको छ ।

साथै, घटनापछि शोकमा रहेको परिवारलाई मनोसामाजिक परामर्श, कानुनी सहायता, सुरक्षा र न्यायिक प्रक्रियामा आवश्यक सहयोग उपलब्ध गराउन सम्बन्धित निकायसँग माग गरिएको छ ।

ओरेकले घटनाको संवेदनशीलतालाई ध्यानमा राख्दै बालिकाको पहिचान, तस्बिर तथा अन्य संवेदनशील विवरण अनावश्यक रूपमा सार्वजनिक नगर्न सञ्चारमाध्यम तथा आम नागरिकसँग आग्रह गरेको छ। बालअधिकारको दृष्टिले घटनाको समाचार सम्प्रेषण गर्दा पीडित बालिका तथा परिवारको गोपनीयता र गरिमालाई प्राथमिकता दिनुपर्ने संस्थाको भनाइ छ ।

ओरेककी कार्यकारी निर्देशक रेखा श्रेष्ठ शर्माले अबोध बालिकामाथि भएको घटना एउटा परिवारको मात्रै पीडा नभई बालिका तथा महिलाले सुरक्षित रूपमा बाँच्न पाउने अधिकारमाथिको गम्भीर प्रश्न




भएको बताएकी छन्। उनका अनुसार दोषीलाई कानुनी कठघरामा उभ्याएर प्रभावित परिवारलाई न्याय दिलाउनु राज्यको तत्कालीन दायित्व हो भने भविष्यमा यस्ता घटना दोहोरिन नदिन बाल संरक्षण प्रणालीलाई प्रभावकारी बनाउने दीर्घकालीन र संरचनागत उपाय आवश्यक छन्। ओरेकले बालबालिकाको सुरक्षा सुनिश्चित गर्न स्थानीयदेखि राष्ट्रिय तहसम्मका सम्बन्धित निकायलाई थप संवेदनशील र जवाफदेही बन्न आग्रह गर्दै दोषीमाथि कारबाही, परिवारलाई न्याय र बालबालिकाका लागि सुरक्षित वातावरण निर्माण गर्न तत्काल कदम चाल्न माग गरेको छ ।

यता, बारा प्रहरीले सो घटना संग सम्बन्ध रहेको भन्दै दुई जना अभियुक्तलाई बुधबार पत्रकार सम्मेलन गरी सर्वाजनिक गरेको छ ।

यो घटनाको थप अनुसन्धान भईरहेको बाराका प्रहरी उपरिक्षक नरेन्द्र कुँवरले जानकारी दिए ।

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**
- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**औरही नगरपालिका, महोत्तरी**

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**मटिहानी नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,